२०८१ सालको कार्यविधि नं. १४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १४ मितिः२०८१।०९।०९

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका माटो परीक्षण प्रयोगशाला सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

कृषकको खेतबारी तथा सार्वजनिक जग्गामा रहेको माटोको नमुना संकलन गरी त्यहाँ रहेको मलखादको अवस्था, माटोको भौतिक एवम् रसायनिक गुणस्तर समेतको अध्ययन गरी गुणस्तरीय कृषि उत्पादनमा सहयोग पुऱ्याउने हेतुले माटो परीक्षण गर्न र त्यसबाट प्राप्त नतिजाको आधारमा माटोको स्वस्थता परीक्षण प्रमाणपत्र तथा मलखाद सिफारिस कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका माटो परीक्षण प्रयोगशाला सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकासन भएको मितिदेखि लागु हुनेछ ।

हेटौंडा राजपत्र

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "माटो स्वस्थता प्रमाणपत्र" भन्नाले कुनै स्थानको माटोको अवस्था दर्शाउन त्यस ठाउँको माटो परिक्षण गरी सो आधारमा दिईने प्रमाणपत्र सम्झनुपर्छ ।

(२) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(३) "प्रयोगशाला" भन्नाले हेटौंडा उपमहानगरपालिकाको माटो परीक्षण प्रयोगशाला सम्झनुपर्छ।

३. **उद्देश्यः-** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) माटोमा रहेको प्राङ्गगारिक पदार्थको पहिचान गर्ने, देखिएका समस्याहरुको समाधान गर्दै प्राङ्गगारिक श्रोतको प्रवर्द्धन गरी कृषि उत्पादनमा सुधार ल्याउने,

(ख) माटोको भौतिक एवम् रसायनिक गुणको जानकारी लिने र प्रविधिकको सल्लाह अनुरुप आवश्यक तत्वहरुको उपलब्धता बढाई माटोको गुणस्तरमा सुधार ल्याउने ।

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रकृया

४. **संचालन गरिने कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ।

(क) हेटौंडा उपमहानगरपालिका कृषि विकास शाखा अन्तर्गत माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ।

(ख) प्रयोगशाला संचालनका लागि आवश्यक औजार, उपकरण, रसायन, किट्सहरु व्यवस्थापन गरिनेछ।

(ग) किसानले माटोको नमुना संकलन गरी अनुसूची-१ बमोजिमको विवरण साथ संलग्न राखेर प्रयोगशालामा ल्याए पश्चात प्राविधिकहरु मार्फत उक्त माटोका नमुनाहरु परिक्षण गरिनेछ। संकलित माटोको नमुना परिक्षण गर्ने सम्बन्धमा आवश्यक पर्ने रसायन तथा माटोको गुणस्तर चेकजाँच गर्ने मेशिनरी औजार उपकरण खरिद गर्न सकिनेछ।

(घ) संकलित नमुनाको पि.एच., प्राङ्गारिक पदार्थ, नाईट्रोजन, फस्फोरस र पोटासियम तत्वहरु परिक्षण गरी सोही तत्वहरुको विश्लेषण गरी माटो स्वस्थता प्रमाणपत्रमा समावेश गरिनेछ।

(ङ) माटोको नमुनाहरु विश्लेषण पश्चात परीक्षणको नतिजाको आधारमा प्रतिवेदन तयार पारिनेछ।

(च) अन्तमा माटो स्वस्थता प्रमाणपत्र वितरण गरिनेछ।

(छ) माटो स्वस्थता प्रमाणपत्र तथा मलखाद सिफारिस प्रतिवेदन अनुसूची-२ बमोजिमको हुनेछ।

(ज) कार्यक्रमको लागि लाग्ने खर्चहरुको सम्बन्धमा प्रचलित कानुन बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम संचालन गर्नुपर्नेछ।

५. **माटो परिक्षण गरी माटो स्वस्थता प्रमाणपत्र वितरण कार्यक्रम प्रतिवेदनः** माटोको जाँच गरी माटो स्वस्थता प्रमाणपत्र प्राप्त किसानको नाम, ठेगाना, माटोको परिणाम, मलखाद सिफारिस सहितको प्रतिवेदनहरु तयार गरी हेटौंडा उपमहानगरपालिकाको माटो तथा मल परीक्षण प्रयोगशालामा राख्नु पर्नेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

६. **आर्थिक अनुशासनः** (१) कार्यक्रमका लागि आवश्यक औजार, उपकरण, रसायन किट्स, Apparatus हरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम खरिद गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-४
## विविध

७. **माटो परीक्षण शुल्कः** (१) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका कृषकहरुको प्रति नमुना माटो परीक्षण गरेबापत रु.१००।०० शुल्क लिइनेछ ।

(२) हेटौंडा उपमहानगरपालिका क्षेत्रभन्दा बाहिरबाट माटो परीक्षणका लागि नमुना पेश भएमा प्रति नमुना परीक्षण बापत रु.२००।०० शुल्क लिइनेछ ।

(३) यस दफामा अन्यथा जुनसुकै कुरा लेखिएको भएता पनि हेटौंडा उपमहानगरपालिकाले जारी भएको आर्थिक ऐनमा माटो परीक्षणको शुल्क गरेमा सोही बमोजिमको शुल्क लिइनेछ ।

**८. अनुगमन तथा मूल्याङ्कन**

(क) हेटौंडा उपमहानगरपालिकाबाट नियमित एवम् आकस्मिक अनुगमन तथा मूल्याङ्कन हुनेछ।

(ख) हेटौंडा उपमहानगरपालिकाबाट अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिन सकिनेछ।

९. **बाधा अड्काउ फुकाउनेः यो** कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१०. कार्यविधिको व्याख्या तथा संशोधनः** (१) कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

हेटौंडा राजपत्र

## अनुसूची-१

माटोको नमुना साथ संलग्न गर्नुपर्ने विवरणहरुः

१. नाम थरः

२. ठेगानाः

३. फोन नः

४. माटोको नमुना संकलन गरेको मितिः

५. माटोको नमुना संकलन गरिएको स्थानः

६. लगाउने बालीः

७. खेतबारीको किसिमः

८. यसभन्दा पहिले लगाईएको बालीः

हेटौंडा राजपत्र

**अनुसूची-२**

हेटौंडा उप-महानगरपालिका

माटो परीक्षण प्रयोगशाला

हेटौंडा उपमहानगरपालिका, मकवानपुर, नेपाल

<u>माटो स्वस्थता प्रमाणपत्र तथा मलखाद सिफारिस प्रतिवेदन</u>

प्र. दर्ता नं. :- मितिः-

श्री...............................जग्गाकोठेगाना.............................वडानं.................

जिल्ला.................................. कित्ता नं...........खेत/बारी.................................

<u>माटो स्वस्थताको अवस्थाः</u>

माटोको बनोटः...................(Sand%................ Silt%................ Clay%..................)

| पि. एच. | | प्राङ्गारिक पदार्थ % | | नाइट्रोजन % | | फस्फोरस कि.ग्रा./हे. | | पोटास कि.ग्रा./हे. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अम्लीय | | कम | | कम | | कम | | कम |
| | तटस्थ | | मध्यम | | मध्यम | | मध्यम | | मध्यम |
| | मध्यम | | अधिक | | अधिक | | अधिक | | अधिक |

| <u>अन्य परीक्षणः</u> | | | | |
|---|---|---|---|---|

(१) कृषि चुन............कि.ग्रा. प्रति कठ्ठा ।

(२) रासायनिक मलको साथमा गुणस्तरीय प्राङ्गारिक मल तल दिइएको मात्रामा अनिवार्य प्रयोग गर्नुहोस्।

| | | |
|---|---|---|
| ❖ १००० कि.ग्रा.वा ४० डोको प्रति कठ्ठा | ❖ ५०० कि.ग्रा. वा २० डोको प्रति कठ्ठा | ❖ २५० कि.ग्रा. वा १० डोको प्रति कठ्ठा |

(३) खाद्यतत्व सिफारिस मात्रा

| बालीको नाम | यूरीया कि.ग्रा./ कठ्ठा | | | डि.ए.पी. कि.ग्रा./ कठ्ठा | | | पोटास मल कि.ग्रा./ कठ्ठा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च |
| धान सिंचित | ७.२३ | ३.६२ | १.८१ | २.१७ | १.०९ | ०.५५ | १.६७ | ०.८३ | ०.४२ |
| धान असिंचित | ४.३४ | २.१७ | १.०९ | १.४५ | ०.७३ | ०.३६ | १.११ | ०.५६ | ०.२८ |
| मकै बर्षे | ४.३४ | २.१७ | १.०९ | २.१७ | १.०९ | ०.५५ | १.६७ | ०.८३ | ०.४२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मकै हिउँदे | ६.५१ | ३.२५ | १.६३ | ३.२५ | १.६३ | ०.८१ | २.५१ | १.२६ | ०.६३ |
| गहुँ सिंचित | ७.२३ | ३.६२ | १.८१ | ३.६२ | १.८१ | ०.९१ | १.४५ | ०.७३ | ०.३७ |
| गहुँ असिंचित | ३.६२ | १.८१ | ०.९१ | ३.६२ | १.८१ | ०.९१ | १.११ | ०.५६ | ०.२८ |
| उखु (मोरहन बाली) | ८.६८ | ४.३४ | २.१७ | ४.३४ | २.१७ | १.०९ | २.२३ | १.११ | ०.५६ |
| उखु (खुटि बाली) | १०.८५ | ५.४३ | २.७२ | ४.३४ | २.१७ | १.०९ | २.२३ | १.११ | ०.५६ |
| तोरी रायो | ४.३४ | २.१७ | १.०९ | २.८९ | १.४५ | ०.७३ | १.११ | ०.५६ | ०.२८ |
| जौ, उवा | २.८९ | १.४५ | ०.७३ | २.८९ | १.४५ | ०.७३ | १.६७ | ०.८३ | ०.४२ |
| अदुवा, अलैची | ३.६२ | १.८१ | ०.९१ | २.१७ | १.०९ | ०.५५ | २.७९ | १.३९ | ०.७० |
| आलु | १५.९१ | ७.९६ | ३.९८ | १०.१३ | ५.०७ | २.५३ | ५.५७ | २.७९ | १.३९ |
| तरकारी बाली सागपात जात | १४.४७ | ७.२३ | ३.६२ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |
| तरकारी बाली जरे जात | १४.४७ | ७.२३ | ३.६२ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |
| हरियो केराउ | १.०९ | ०.५५ | ०.२७ | २.८९ | १.४५ | ०.७३ | ६.६८ | ३.३४ | १.६७ |
| काँक्रो | १०.१३ | ५.०७ | २.५३ | २.८९ | १.४५ | ०.७३ | ५.५७ | २.७९ | १.३९ |
| जुकिनि | १७.३६ | ६.६८ | ४.३४ | १३.०२ | ६.५१ | ३.२५ | ३.३४ | १.६७ | ०.८३ |
| गोलभेंडा (सृजना) | १४.४७ | ७.२३ | ३.६२ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |
| गोलभेंडा (होचा अन्य जात) | १४.४७ | ७.२३ | ३.६२ | १४.४७ | ७.२३ | ३.६२ | ८.३५ | ४.१७ | २.०९ |
| भाण्टा | १४.४७ | ७.२३ | ३.६२ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| रामतोरिया | १४.४७ | ७.२३ | ३.६२ | १३.०२ | ६.५१ | ३.२५ | ३.३४ | १.६७ | ०.८३ |
| काउली (लोकल) | १४.४७ | ७.२३ | ३.६२ | ८.६८ | ४.३४ | २.१७ | ४.४५ | २.२३ | १.११ |
| काउली (हाईब्रिड) | १४.४७ | ७.२३ | ३.६२ | ८.६८ | ४.३४ | २.१७ | ५.५७ | २.७९ | १.३९ |
| बन्दा | १७.३६ | ८.६८ | ४.३४ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |
| सिमि | ५.७९ | २.८९ | १.४५ | ६.६८ | ४.३४ | २.१७ | ३.३४ | १.६७ | ०.८३ |
| तने बोडि | ५.७९ | २.८९ | १.४५ | ६.६८ | ४.३४ | २.१७ | २.२३ | १.११ | ०.५६ |
| भेंडे खुर्सानी | १४.४७ | ७.२३ | ३.६२ | ७.२३ | ३.६२ | १.८१ | ५.५७ | २.७९ | १.३९ |
| प्याज | १७.३६ | ८.६८ | ४.३४ | १३.०२ | ६.५१ | ३.२५ | ४.४५ | २.२३ | १.११ |

............................ ............................

(प्राविधिक) (प्रमाणित गर्ने)

**आज्ञाले**

**सूर्य प्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र